# बुद्धशान्ति गाउँपालिकाको आर्थिक बुलेटिन

वर्ष - १, अंक - २, आ.व. २०८१/०८२ माघ, २०८१



बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधवारे, झापा




### सम्पादकीय

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक बर्ष २०८१ को पौष मसान्त सम्मको खर्चमा वृद्धि भएको छ ।
गत आ.व. २०८०/०८१ भन्दा चालु आ.व.को पौष सम्मको पूजिगत खर्चमा ८२.१८ प्रतिशतले वृद्धि भएको छ ।पालिकाको समग्र आयमा समेत अघिल्लो वर्षको यसै अवधिको तुलनामा २५.०८ प्रतिशतले वृद्धि भएको छ ।
संघीय सरकारवाट प्राप्त हुने अनुदान तथा वाडफाड भइ आउने करको वृद्धिले समग्र आय वृद्धि हुन पुगेको हो ।


प्रकासन तथा सम्पादन

बुद्धशान्ति गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बुधवारे, झापा


### बुद्धशान्ति गाउँपालिकाको सरकारी खर्च

१. आर्थिक बर्ष २०८१/०८२ को पौष महिनासम्म जम्मा रु १९ करोड ७१ लाख खर्च भएको छ । कुल खर्च मध्ये चालु खर्च रु १६ करोड १३ लाख र पूँजिगत खर्च रु ३ करोड ५८ लाख रहेको छ ।

तालिका (क) पछिल्लो तीन बर्षको पौष महिनासम्मको खर्च स्थिति (रु लाखमा)

| बजेट/आव | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
|---|---|---|---|
| चालु खर्च | १३५३ | १४८८ | १६१३ |
| पूजिगत खर्च | २३५ | १९७ | ३५८ |
| जम्मा खर्च | १५८९ | १६८५ | १९७१ |

२. अघिल्लो आर्थिक वर्ष २०८०/०८१ को यसै अवधिमा चालु खर्च रु १४ करोड ८८ लाख र पूजिगत खर्च रु १ करोड ९७ लाख भएको थियो ।

३. चालु आ.व. २०८१/०८२ मा वुद्धशान्ति गाउँपालिकाको कुल वजेट रु ६६ करोड ३७ लाख रहेको छ । गत आ.व. २०८०/०८१ मा रु ६० करोड ८२ लाख र आ.व. २०७९/०८० मा रु ६८ करोड ४१ लाख विनियोजन रहेको थियो ।

तालिका (ख) आ.व. २०८१/०८२ पौष सम्मको मासिक खर्चको विवरण (रु लाखमा)

| शीर्षक/महिना | श्रावण | भदौ | असोज | कार्तिक | मंसिर | पौष |
|---|---|---|---|---|---|---|
| चालु खर्च | ० | ७५ | ७३१ | ११४ | ११३ | ५८० |
| पूजिगत खर्च | ० | ० | २१४ | ३१ | ४८ | ६५ |
| जम्मा खर्च | ० | ७५ | ९४५ | १४५ | १६१ | ६४५ |